Rupantaran : A Multidisciplinary Journal
Vol. IV : pp 246-254, October, 2020
ISSN : 2091-0061
https://doi.org/10.3126/rupantaran.v4i1.34223
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# पेसागत विकासका दृष्टिले नेपाली भाषा शिक्षकको अवस्था

मीनप्रसाद अधिकारी[१]
*इमेल :* adhikarimin010@gmail.com

## सार

*नेपाली भाषा शिक्षकको पेशागत विकासका लागि भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षण सामग्रीसम्बन्धी ज्ञान, सामाजिक तथा भाषिक न्यायसम्बन्धी ज्ञान, भाषिक विविधताको सम्बोधन गर्ने कौशल, नेपाली विषयवस्तुसम्बन्धी ज्ञान, सीप सिकाइ सहजीकरण प्रक्रियाका बारेमा आवश्यक ज्ञान र उक्त ज्ञानको व्यावहारिक प्रयोग गर्ने कौशल, भाषा शिक्षणका सिद्धान्तहरूको सम्यक् पालना गर्ने सीप, भाषा शिक्षणका विधि तथा प्रविधिहरूको भरपुर उपयोग गर्ने कला तथा दोस्रो भाषाका रूपमा बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने सीप हुनुपर्दछ । यी पक्षहरूलाई नेपाली भाषा शिक्षणको पेसागत विकासका प्राथमिक आधारअन्तर्गत राख्न सकिन्छ । शिक्षकको पेशागत विकासका लागि शिक्षण सिकाइ विधिसम्बन्धी ज्ञान, सिकारु/बालबालिकासम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार, सहयोग तथा सहकार्य, निरन्तर सिकाइ र पेशागत विकास जस्ता पक्षमा शिक्षक सधैँ सक्रिय र अद्यावधिक हुनुपर्दछ । यसका साथै पेसागत आचारसंहिता, सूचना, सञ्चार तथा प्रविधिको प्रयोग, तालिमको सिद्धान्त र व्यवहारबीच सामाञ्जस्यता मिलाउने सीप, कार्यमूलक अनुसन्धान गर्न सक्ने सक्षमता शिक्षकमा हुनुपर्दछ । त्यसैगरी पेशागत अनुभव आदानप्रदान, उपचारात्मक सुपरीवेक्षण, मेन्टरिङ तथा कोचिङ, स्वप्रतिबिम्बात्मक सिकाइ, पेशागत तालिम, आन्तरिक तथा बाह्य अवलोकन भ्रमण, कार्यशाला तथा गोष्ठी, शिक्षक सञ्जाल, आत्ममूल्याङ्कन जस्ता विविध पक्षमा शिक्षक सक्षम हुनुपर्दछ । यी सबै पक्षलाई नेपाली भाष शिक्षकको पेशागत विकासका द्वितीयक आधारमा राख्न सकिन्छ ।*

**मुख्य शब्दवली** : पेसागत विकास, भाषा शिक्षक, मोडल, शिक्षण सिकाइ, सहजीकरण

## परिचय

शिक्षक शिक्षण सिकाइ सहजीकरणको स्रोत व्यक्ति हो । शिक्षाको गुणस्तर, नीति, योजना, तथा शिक्षासँग सम्बन्धित सम्पूर्ण पक्षहरूको कार्यान्वयन गर्ने व्यक्तिका रूपमा शिक्षकलाई लिइन्छ । त्यस्तै विश्व परिवेशमा भएको नवीन ज्ञान, विषय तथा आविष्कारहरूमा विद्यार्थीहरूलाई अद्यावधिक गराई नयाँ नयाँ ज्ञान प्रदान गर्ने व्यक्ति शिक्षक हो । त्यसैले शैक्षिक पक्षको आमूल परिवर्तन तथा सुधार गर्न शिक्षकको पेसागत विकास गरि नुपर्दछ। शिक्षकले शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन तथा विद्यार्थीलाई सिकाइमा सहजता ल्याई व्यावहारिक परिवर्तन गर्न स्वयम् सेवकको भूमिका खेलेको हुन्छ (Maggioli, 2003: 1) । शिक्षकले सिक्ने र आफ्नो पेसागत विकास गर्ने विविध पक्ष तथा प्रक्रियाहरू हुन्छन्, उनीहरूले विभिन्न तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण आदि कार्यकलापमा सहभागी भएर, शिक्षण सिकाइका विविध पक्षहरूमा अध्ययन अनुसन्धान गरेर अनुभव आदानप्रदान जस्ता कार्यहरूबाट आफ्नो पेसागत दक्षता बढाउँछन् । यसरी पेसागत रूपमा दक्ष,

१. लेखक त्रि.वि.धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली शिक्षा विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

अध्ययनशील तथा कर्तव्यनिष्ठ शिक्षकले मात्र प्रभावकारी शिक्षण सिकाइ सहजीकरणको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न सक्दछन् । समुचित शिक्षण र शिक्षकको पेसागत विकाससँग गुणस्तरीय शिक्षा निर्भर रहन्छ, जसले मानिसको रोजगारी र आर्जन प्रतिभाको अभिवृद्धि गर्दछ (सिन्हा, २०६७ : १९१) । यसका लागि शिक्षक पेसागत रूपमा दक्ष र लगनशील हुनु पर्दछ । शिक्षक विद्यालय शिक्षा प्रणालीका मेरुदण्ड हुन्, विद्यार्थीको सिकाइका जग निर्माता हुन् र समाजका सचेत वर्ग हुन् (लम्साल २०६८ : २५३) । शिक्षण सिकाइ सहजीकरणको माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासका लागि शिक्षक आफ्नो पेसागत सक्षमता हासिल गरेको हुनु पर्दछ ।

पेसागत विकास एकै तरिकाले तथा एउटै विधिको प्रयोग गरेर मात्र सम्भव हुँदैन् । शिक्षकको पेसागत विकासका लागि स्वयम् शिक्षकमा मैले आफ्नो पेशागत विकास गर्न सक्छु भन्ने भावना हुनुपर्दछ (Maggioli, 2003 M1) । त्यसैले विद्यालय तहमा गुणस्तर शिक्षाका लागि शिक्षकाको पेसागत विकासलाई विशेष महत्त्व दिने गरिन्छ । पेसागत रूपमा दक्ष र उच्च मनोवल भएका, उत्प्रेरणा भएका शिक्षकहरूबाट उपलब्धिमूलक, जीवन्त तथा प्रभावकारी शिक्षणमा सहजीकरण हुन सक्छ (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७२ : १) । यसबाट मात्र बालबालिकाले गुणस्तरीय शिक्षा पाउन सम्भव हुन्छ । त्यसैले गुणस्तरीय शिक्षाका लागि शिक्षकको पेसागत विकासलाई एक पूर्व सर्तका रूपमा लिइन्छ । शिक्षकको पेसागत विकास नियमित चलिरहने प्रक्रिया हो । नेपालमा शिक्षाको सुरुवात भएदेखि नै शिक्षकको पेसागत विकास सम्बन्धी कार्यहरू भएको देखिन्छ । शिक्षाको इस्तिहारदेखि विभिन्न समयमा प्रकाशित भएका शिक्षा आयोगका प्रतिवेदन, विभिन्न नीति, योजना तथा कार्यक्रम, विभिन्न संस्था तथा शिक्षक पेसागत विकासको प्रारूप २०७२ मा शिक्षकको पेसागत विकाससम्बन्धी कार्य भएको पाइन्छ ।

नेपाली भाषा शिक्षकका पेसागत विकासका आधारहरू के के हुन्, विभिन्न समयमा नेपाली भाषा शिक्षकको पेसागत विकास सम्बन्धी के कस्ता कार्यहरू भएका छन्, ती कार्यहरू पर्याप्त भएका छन् कि छैनन्, ती कार्यहरूले नेपाली भाषा शिक्षकको पेसागत विकासमा प्रभाव पारेका छन् वा छैनन्, तथा नेपाली भाषा शिक्षकको पेसागत विकास सम्बन्धी के कस्ता नयाँ कार्यक्रमहरू आवश्यक छन्, नेपाली भाषा शिक्षकको पेसागत विकासमा के कस्ता समस्या छन् र ती समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषयसँग आधारित भएर यो लेख तयार पारिएको छ ।

## समस्याकथन

नेपाली भाषा शिक्षकलाई भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सीप शिक्षण सिकाइ सहजीकरण गर्न सक्ने बनाउन पेसागत विकास आवश्यक मानिन्छ । नेपाली भाषा शिक्षकमा मूलतः भाषाका सीपहरूको शिक्षणको ज्ञान, भाषिक विविधताको सम्बोधन, गर्ने कौशल, भाषा शिक्षणका सिद्धान्तहरूको सम्यक् पालना गर्ने सीप हुनुपर्दछ । त्यसैगरी विद्यार्थी केन्द्रित विधि तथा कार्यकलापहरूको प्रायोगिक प्रयोग गर्न सक्ने क्षमता, विधाका माध्यमबाट भाषिक सीप शिक्षण गर्न सक्ने क्षमता हुनुपर्दछ । त्यस्तै भाषिक न्यायसम्बन्धी ज्ञान, भाषा शिक्षणका विधि तथा प्रविधिहरूको भरपुर उपयोग गर्ने कला तथा विद्यार्थीहरूको भाषिक समझको जानकारी, बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्न सक्ने क्षमता आदि हुनु आवश्यक देखिन्छ । यी कुरालाई मध्यनजर गर्दै नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका लागि शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षिक तालिम केन्द्र, स्रोत केन्द्रबाट विभिन्न प्रयासहरू भएका पाइन्छन् । यद्यपि नेपाली भाषा शिक्षकका लागि पेसागत विकासका कार्यक्रमहरू कमै मात्रामा पाइन्छन् । यस सन्दर्भमा नेपाली भाषा शिक्षकको पेसागत विकासका आधारहरू के कस्ता हुन सक्छन् भन्ने विषयलाई प्रस्तुत लघु लेखमा प्रमुख समस्याका रूपमा लिइएको छ । उक्त प्रमुख समस्यामा केन्द्रित रहेर यो लेखमा निम्नानुसारका समस्याहरू समावेश गरिएको छ :

क) नेपाली भाषा शिक्षकको पेसागत विकासका आधारहरू के के हुन् ?

ख) नेपाली भाषा शिक्षकको पेसागत विकासमा के कस्ता समस्याहरू छन् र ती समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ।

## अनुसन्धानका प्रश्न

शिक्षकको पेसागत विकासले विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालमा शिक्षकको पेसागत विकासका लागि कुन कुन संस्थाहरूले के कस्ता कार्यहरू गरेका छन् ती कार्यहरू गरेका छन्, ती कार्यहरू के कति मात्रामा प्रभावकारी छन् भन्ने विषय सरोकारवालाहरूलाई जानकारी दिन प्रस्तुत अध्ययन महत्त्वपूर्ण रहेको छ । भाषा शिक्षकको पेसागत विकासका लागि के कस्ता प्रयासहरू भएका छन्, ती प्रयासहरूले भाषा शिक्षकको पेसागत विकास गर्नमा खेलेको भूमिकाको अध्ययन विश्लेषण गरी शिक्षकको पेसागत विकास गर्न क्रियाशील निकायहरूलाई आवश्यक सुझाव प्रदान गर्न यस लेखले महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस लेखमा निम्न अनुसन्धान समस्या रहेका छन् :

क) नेपाली भाषा शिक्षण भनेको के हो ? नेपाली भाषा शिक्षकले पेसागत विकास गर्न के कस्ता कार्यहरू गर्नुपर्दछ । नेपाली भाषा शिक्षकका पेसागत विकासका आधारहरू के के हुन ?

ख) नेपाली भाषाका शिक्षकका पेसागत विकासका के कस्ता समस्याहरू छन् ?

ग) ती समस्यासँग सरोकारवालाहरू कोको हुन् ?

घ) ती समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

ङ) समस्या समाधानमा पेसागत विकासमा सक्रिय निकायको भूमिका कस्तो रहेको छ ?

च) उक्त समस्या समाधानका लागि सम्बन्धित निकायले के कस्ता नीति, योजना तथा कार्यक्रमहरू सञ्चालन गरेका छन ?

यस्ता अनुसन्धान समस्या र अनुसन्धान प्रश्नहरूलाई समाधान गर्नका लागि यस लेखमा शिक्षकका पेसागत विकासका आधारहरू, पेसागत विकास सम्बन्धी नीतिगत व्यवस्थाका साथै नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई कसरी पेसागत विकास पुर्‍याई व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा यसमा उठाउने प्रयास गरिएको छ ।

## विधि तथा सामग्री

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित भएर निर्माण गरिएको छ । भाषिक अनुसन्धानका विविध विधिमध्ये मुख्यत : वर्णनात्मक विधिको सेरोफेरोमा यो लेख रहेको छ । नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको पेसागत विकासमा योगदान पुर्‍याउने संघसंस्थाहरूका मोडल र लिखित दस्तावेजमा आधारित भएर तयार गरिएको प्रस्तुत लेखमा पुस्तकालय अध्ययनबाट द्वितीयक स्रोतका सामग्रीलाई बढी उपयोग गरिएको छ । भाषा शिक्षकहरू पेसागत विकासका आधारहरूको अवधारणालाई आलोचनात्मक सामाजिक सिद्धान्त (Critical Social Theory) का आधारमा हेर्न सकिन्छ । यस सिद्धान्तले शिक्षकहरूको पेसागत विकास कक्षाकोठाभित्रका शिक्षण सिकाइ क्रियाकलाप तथा कक्षा वा विद्यालया बाहिरका पक्षहरूबाट प्रभावित हुने मान्यता राख्दछ (पौडेल, २०६७ : १०५) । यसमा राज्य तथा समाजको अपेक्षा र शिक्षण सिकाइको वातावरणले पनि उत्तिकै प्रभाव पार्दछ भन्ने मान्यता यस सिद्धान्तको रहेको छ । पेसागत विकासमा सम्बद्ध निकाय तथा विद्यालय र शिक्षकबीचको सम्बन्ध, पेसागत कार्य, मानवीय अन्तरक्रिया, शक्ति सम्बन्ध, शक्तिको स्थान, नियन्त्रण, समता, कर्मचारीतन्त्र आदि सबैको प्रभाव शिक्षकको पेसागत विकासमा पर्ने मान्यता यस सिद्धान्तले राखेको पाइन्छ (पौडेल २०६७ : १०५) । यस मान्यता अनुसार शिक्षक, विषयविज्ञको सहयोग, विषयगत ज्ञान तथा सीप आदि जस्ता पक्षहरूद्वारा शिक्षकको पेसागत विकास प्रभावित बनेको पाइन्छ ।

भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अवधारणालाई साङ्केतिक अन्तरक्रिया सिद्धान्त (Symbolic Interarionism Theory) का अवधारणामा पनि हेर्न सकिन्छ । यस सिद्धान्तले शिक्षकको विद्यालयमा के कसरी कार्यहरू गरिरहेको छ, उसको पेसाप्रतिको धारणा तथा विचार के कस्तो रहेको छ सो कुराले पेसागत

विकास प्रक्रियालाई प्रभाव पार्ने मान्यता राख्दछ । शिक्षकको व्यक्तिगत ज्ञान, सीप, क्षमता, दक्षता चाहाना, उद्देश्य जस्ता पक्षको वकालत गर्दछ । यस सिद्धान्त अनुसार हरेक दिन उत्पन्न विभिन्न समस्यासँग सम्बन्धित रणनीति तय गर्न, शिक्षकको कार्यसम्पादन क्षमतामा उत्पन्न समस्यासँग सम्बन्धित विषयलाई सम्बोधन गरी पेसागत विकास गर्नुपर्ने हुन्छ । यसरी यस सिद्धान्तले शिक्षको पेसागत विकास, पेसागत भिन्नता, कक्षाकोठाभित्रको विभिन्नता, विभिन्नताको व्यवस्थापन आदि जस्ता विषयलाई पनि व्याख्या गर्दछ । यो सिद्धान्तले मूलतः विद्यालय तथा कक्षाकोठाभित्रको वातावरणमा नै शिक्षकको पेसागत विकास हुने मान्यता राख्दछ ।

प्रस्तुत अध्ययन निर्माणवाद (Constructivsim) मा आधारित छ । निर्माणवाद अनुसार सत्यमीमांसा (Ontology), ज्ञानमीमांसा (Epostemology), विधिशास्त्र (Methedology), तथा तर्कशास्त्र (Axiology) लाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### सत्यमीमांसा (Ontology)

निर्माणवाद अनुसार सत्य सापेक्ष हुन्छ । यसले बहुसत्यलाई जोड दिन्छ (Killiam, 2013: 7) । यस अनुसार शिक्षकलको पेसागत विकास सापेक्ष हुन्छ । शिक्षकको पेसागत विकासमा शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, राज्यका शैक्षिक नीति तथा कार्यक्रम, शिक्षकका व्यक्तिगत शैक्षिक तथा पेसागत गुणहरू, शिक्षकको शैक्षिक योग्यता, भूगोल, स्रोत केन्द्र, पेसागत विकासका कार्यक्रमहरू प्रदान गर्ने निकायहरू, पेसागत संघ संगठन, शक्ति सम्बन्ध, प्रचलित नियम कानुन आदिजस्ता पक्षहरूको प्रभाव पारेको हुन्छ । यी प्रभावकहरूको आधारमा नै शिक्षकको पेसागत विकास फरक हुने गरेको पाइन्छ ।

### ज्ञानमीमांसा (Epistemology)

निर्माणवाद अनुसार ज्ञान मानव तथा सामाजिक संरचनाका आधारमा निर्माण हुन्छ दिन्छ (Killiam, 2013: 8) । मानिसले समाजमा देखेका, सुनेका, भोगेका, गरेका, कार्यकलाप तथा अनुभवका आधारमा ज्ञान निर्माण हुने कुरा निर्माणवादले गर्दछ । अतः यसले ज्ञान मानव निर्मित हुने र त्यसको समाज सापेक्ष व्याख्या गरिनु पर्नेमा जोड दिन्छ । यस अनुसार शिक्षकले शिक्षण, तालिम तथा पेसागत विकासका कार्यकलाप तथा कार्यक्रमहरूकमा सहभागी हुँदा देखेका, सुनेका, भोगेका, गरेका कार्यकलाप तथा अनुभवका आधारमा ज्ञान निर्माण हुन्छ । यसर्थ विद्यालय, तालिम प्रदायक संस्था, तथा शिक्षासँग सम्बन्धित संस्थाहरूबाट नै ज्ञान निर्माण हुन्छ ।

### विधिशास्त्र (Methodology)

निर्माणवादले अन्तरक्रिया, अवलोकन तथा प्रत्यक्ष विधिको प्रयोग गरी अनुसन्धान गर्नुपर्नेमा जोड दिन्छ (Killiam, 2013: 9) । यस अनुसार शिक्षकले विद्यालय, विद्यार्थी, सहपाठी, प्रधानाध्यापक, स्रोत व्यक्ति, प्रशिक्षक, विषयविज्ञहरूसँग अन्तरक्रिया गरेर पेसागत विकास गर्न सकिने कुरामा जोड दिन्छ । यसका साथै अध्ययन, अवलोकन,भ्रमण, जस्ता विधिबाट पेसागत विकास हुने कुरामा जोड दिन्छु । यस सिद्धान्तअनुसार शिक्षकहरूले विभिन्न तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण आदि कार्यकलापमा सहभागी भएर शिक्षण सिकाइका विविध पक्षहरूमा अध्ययन अनुसन्धान गरेर अनुभव आदानप्रदान जस्ता कार्यहरूबाट आफ्नो पेसागत विकास तथा दक्षता बढाउन सकिन्छ ।

### तर्कशास्त्र (Axiology)

निर्माणवादले मूल्य सापेक्ष हुने कुरामा जोड दिन्छ (Killiam, 2013: 6) । यसले एक स्थानको मूल्य अर्को स्थानमा सामान्यीकरण गर्न नसकिने पक्षमा वकालत गर्दछ । यस अनुसार विद्यालय रहेको स्थान तथा शिक्षकको

वैयक्तिक भिन्नताअनुसार पेसागत विकासका प्रक्रियाहरू फरक फरक हुने कुरामा जोड दिन्छ। एउटा विद्यालयको वातावरण तथा अवस्था अर्को विद्यालयसँग मिल्दैन । यस अनुसार शिक्षण कार्य, सहपाठी सहयोग, कार्यमूलक अनुसन्धान, अनुभव, आदानप्रदान आदिका आधारमा शिक्षकको पेसागत मूल्य पनि फरक फरक हुन्छ ।

## परिणाम र छलफल

### शिक्षकको पेसागत विकासका मोडेलहरू

शिक्षकका पेसागत विकासका मोडेलहरूका विषयमा विभिन्न विद्धानहरूले भिन्न भिन्न मत राखेका छन्। यी मतहरूलाई यसरी देखाउन सकिन्छ :

### Gaiblwe and Buruns (2005) को मोडेल

Gaible and Buruns (2005) ले शिक्षकको पेसागत विकासको मोडेललाई निम्नानुसार हुने कुरा प्रस्तुत गरेका छन्

१. **स्तरीकृत नमुना (Standarized Model) :** शिक्षकको पेसागत विकासको स्तरीकृत नमुना केन्द्रीकृत नमुना हो । यस नमुनामा विशेषज्ञ प्रशिक्षकबाट शिक्षकको पेसागत विकास प्रक्रियालाई अगाडि बढाइन्छ। यस नमुनामा पेसागत सीप तथा सूचनाहरू धेरै शिक्षकहरूका बीचमा आदानप्रदान गर्न सजिलो हुन्छ (Gaible and Buruns, 2005 : 25) । यस नमुनामा गोष्ठी, कार्यशाला, तालिम आदिका माध्यमबाट शिक्षकको पेसागत विकासका अवसरहरू प्रदान गरिन्छ। यस नमुनाले विशेषत नयाँ अवधारणाको विकास गर्नमा जोड दिन्छ।

२. **क्षेत्रगत नमुना (Site based Model) :** यस नमुनामा विद्यालय, स्रोत केन्द्रलाई पेसागत विकासको आधारभूमि बनाइन्छ । विद्यालय वा स्रोत केन्द्रमा शिक्षकलाई स्थानीय सुविधा प्रदान गरी उच्च स्तरीय सिकाइका प्रक्रिया, शिक्षण विधि, प्राविधिक सीप आदिको सिकाइमा संलग्न गराइन्छ (Gaible and Buruns, 2005 : 25) । यस नमुनाले सिकेका नयाँ कुरालाई कक्षाकोठामा कार्यन्वयन गर्ने कुरामा जोड दिन्छ।

३. **स्वनिर्देशित नमुना (Self direction Model) :** यस नमुनाले शिक्षण सिकाइमा प्रयोग गरिने विभिन्न सामग्री, विचार, चुनौती आदिलाई आफैं समाधान गरी पेसागत विकास गर्नुपर्ने मान्यता राख्दछ (Gaible and Buruns, 2005 : 25)। यसका साथै स्वनिर्देशित नमुनामा शिक्षकले आफ्नै स्वअध्ययन, स्वसक्रियता आदिका माध्यमबाट पेसागत विकास प्रक्रिया अगाडि बढाउनुपर्दछ।

### Villegas and Reimer (2003) को मोडेल

Villegas and Reimer (2003) ले शिक्षकको पेसागत विकासको मेडेललाई यसरी प्रस्तुत गरेका छन् :

१. **सङ्गठानात्मक सामूहिक नमुना (Organizational Partnership Model)** : शिक्षकको पेसागत विकासका लागि शैक्षिक संस्था तथा समूहको सञ्जाल विकास गर्न अवश्यक पर्दछ । पेसागत विकासको यस नमुना अन्तरगत विद्यालय विश्वविद्यालय साझेदारी, अन्तर संस्थागत सहयोग,शिक्षक सञ्जाल, दुर शिक्षा आदि जस्ता पक्षहरू पर्दछन् (Villegas and Reimer, 2003: 70) । यी पक्षहरूको माध्यमबाट शिक्षकको पेसागत विकास गर्न सकिन्छ।

२. **सानो समूह वा वैयक्तिक नमूना (Small Group or individual Model)** : शिक्षकको पेसागत विकासका लागि शिक्षक नै शैक्षणिक कार्यकलापहरूमा बढी सहभागी वा सक्रिय हुनु पर्दछ। पेसागत विकासको यस नमूना अन्तरगत उपचारात्मक सुपरीवेक्षण, प्रस्तती मूल्याङ्कन, कार्यशाला, सेमिनार,

सम्मेलन, घटनामा आधारित पेसागत विकास, स्वनिर्देशित पेसागत विकास, सहयोगात्मक तथा सहभागितात्मक विकास, उत्कृष्ट अभ्यासहरू अवलोकन, शिक्षकले नयाँ नयाँ भूमिकाहरू प्रयोग गर्ने जस्ता पक्षहरू पर्दछन् (Villegas and Reimer, 2003: 70) । यी पक्षहरूमा शिक्षक समूहगत तथा वैयक्तिगत रूपमा सक्रिय भई पेसागत विकास गर्न सकिन्छ ।

३. **सीप विकास नमूना (Skill development Model) :** शिक्षकले आफ्नो शैक्षणिक सीप विकास गरेर पेसागत विकास गर्न सक्छ । विषयवस्तुको प्रस्तुती, सिकाइ सहजीकरण, विधि तथा कार्यकलापहरूको प्रयोग, मूल्याङ्कन तथा पृष्ठपोषण प्रक्रिया आदि पक्षहरूसम्बन्धी सम्यक सीप विकास गरेर शिक्षकको पेसागत विकास प्रक्रियालाई अगाडि बढाउन सकिन्छ । यस नमना अन्तरगत शिक्षकले पेसागत विकास गर्दा शिक्षक प्रतिविम्बित अभ्यासकर्ताको रूपमा प्रस्तुत हुनुपर्दछ । यसका साथै परियोजना कार्य, कार्यसञ्चयीका, कार्यमूलक अनुसन्धान,...आदि पक्षहरू पर्दछन् (Villegas and Reimer, 2003: 70) ।

## UNESCO को मोडेल

UNESCOले शिक्षकको पेसागत विकासको मोडेललाई निम्नानुसार हुने कुरा प्रस्तुत गरेको पाइन्छ :

१. **अभ्यासको ज्ञान (Knowledge of Practice) :** शिक्षकले विद्यालयमा शिक्षण गर्दा विभिन्न अभ्यास गर्ने गराउने कार्य गर्दछ । शिक्षकले यस्तो अभ्यास शिक्षण सामग्री, विधि, कार्यकलाप तथा मूल्याङ्कन प्रक्रिया आदि पक्षमा गर्दछ । यी विविध अभ्यासहरूबाट शिक्षकले तत्सम्बन्धी विषयहरूमा आवश्यक ज्ञान प्राप्त गर्दछ । त्यसैगरी शिक्षकले आफूले अभ्यास गर्दै आएको ज्ञान, सीपमाथि प्रतिविम्बिन गर्दै नवीनतम् ज्ञान तथा सीप आर्जन गर्न सक्छ । यस्तो ज्ञान तथा सीपबाट शिक्षकले आफ्नो पेसागत विकास गर्न सक्दछ ।

२. **अभ्यासमा ज्ञान (Knowledge in Practice) :** शिक्षकले विद्यालयमा शिक्षण सिकाइ सहजीकरण कार्यकलाप सञ्चालन गर्दा शिक्षण सामग्री, विधि, कार्यकलाप तथा मूल्याङ्कन प्रक्रिया आदि पक्षमा अभ्यास गर्ने गराउने कार्य गर्दछ । यी विविध अभ्यासहरूबाट शिक्षकले तत्सम्बन्धी विषयहरूमा आवश्यक ज्ञान प्राप्त गर्दछ । शिक्षकले विद्यालयमा शिक्षण गर्दा गर्ने विविध अभ्यासको क्रममा नयाँ नयाँ ज्ञान तथा सीप हासिल हुने गर्दछ । यसरी प्राप्त हुने ज्ञान तथा सीपले शिक्षकलाई शिक्षण सिकाइ सहजीकरण कार्यलाई व्यवस्थित गर्ने सक्षमता विकासमा सहयोग पुर्‍याउँदछ ।

३. **अभ्यासका लागि ज्ञान (Knowledge for Practice) :** शिक्षकले विद्यालयमा शिक्षण गर्दा शिक्षण सामग्री, विधि, कार्यकलाप तथा मूल्याङ्कन प्रक्रिया आदि पक्षमा अभ्यास गर्ने गराउने कार्य गर्दछ । यसबाट शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा नयाँ नयाँ ज्ञान, सीप, धारणहरूको सिर्जना र विकास हुन्छ । यस्ता ज्ञान सीप तथा धारणाको सम्यक् प्रयोगबाट शिक्षकको पेसागत विकास प्रक्रियाले सिद्धान्त र अभ्यास तथा प्रयोगका बीचमा तालमेल मिलाउने कार्यमा जोड दिन्छ ।

## विद्यालय क्षेत्र सुधार योजना (SSRP) (२०६६-२०७२) को मोडेल

विद्यालय क्षेत्र सुधार योजना (SSRP) (२०६६-२०७२) अन्तर्गत १० दिने शिक्षक पेसागत विकास मोडेल तयार गरी २०६६ बाट निरन्तर रूपमा कार्यान्वयन भइरहेको छ । यसले शिक्षकको पेसागत विकास मोडेलका संरचनालाई निम्नानुसार प्रस्तुत गरेको छ :

१. **तलिम-कार्यशाला (Training -Workshop) :** यो भागको पेसागत तालिम ५ दिनसम्म प्रत्येक टिपिडी हबमा सहभागी शिक्षकहरू र विशेषज्ञ प्रशिक्षकबीच फेस टु फेस मोडबाट सञ्चालन गरिने छ ।

२. **स्वाअध्ययन-अभ्यास (Self -study exercise) :** यो भाग पहिलो भाग सञ्चालन भए पश्चात् सामान्यतया २० देखि ३० दिनभित्र ३ दिन कार्यभार बराबरको क्रेडिट पाउने गरी प्रत्यक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरू सम्पादन गरी सम्पन्न गर्नुपर्ने हुन्छ ।

३. **शैक्षिक परामर्श (Educational counselling) :** यो भागमा दास्रो भागको अवधि पूरा भए लगत्तै प्रत्येक हबका प्रशिक्षार्थीहरूद्धारा दुई दिनसम्म सहभागीहरू कार्यरत विद्यालयमा नै भ्रमण गरी तिनीहरूले दास्रो भागअन्तरगत सम्पादन गरेका कार्यहरूको अवस्था प्रतिवेदन मूल्याङ्कन तथा एजेण्डामा आधारित बैठक सञ्चालन गर्नुपर्ने हुन्छ र त्यसका आधारमा टिपिडी मोडेल सम्पन्न प्रमाण पत्र जारी गर्नुपर्ने हुन्छ ।

## शिक्षकको पेसागत प्रारूप (२०७२) को मोडेल

शिक्षकको पेसागत प्रारूप (२०७२) ले शिक्षकको पेसागत विकासको ढाँचा दुई चरणमा हुने कुरा प्रस्तुत गरेको पाइन्छ । शिक्षकको पेसागत विकासको लागि प्रमाणीकरण तालिम ३० दिनको हुनेछ र १५/१५ दिन गरेर दुई चरणमा सञ्चालन गरिने छ । दुबै चरणका तालिमलाई १० दिनको पहिलो खण्ड र ५ दिनको दास्रो खण्ड गरेर दुई खण्डमा विभक्त गरिने छ । १० दिनको पहिलो खण्डको तालिम तालिम प्रदायक संस्थामा सञ्चालन गरिने छ र सो पछि सहभागी शिक्षकले आफ्नै विद्यालयमा गएर अभ्यास शिक्षणको जस्तै गरी कार्य गरी प्रतिवेदन बनाउनु पर्ने हुन्छ । यस कार्यलाई दोस्रो खण्डको ५ दिनको कार्य दिन मानिने छ ।

यी प्रचलित मोडेल बाहेक पनि शिक्षकको पेसागत विकासका लागि पेसागत विकास विद्यालय, विद्यालय कार्यसञ्जाल विकास, शिक्षक कार्यसञ्जाल विकास, दुर तथा खुला सिकाइ, स्वनिर्देशित पेसागत विकास, सहभागितात्मक नमुना जस्ता विविध कार्यबाट शिक्षकको पेसागत विकास गर्नमा सहयोग पुर्‍याउन सकिन्छ ।

## नेपाली भाषा शिक्षकको पेसागत विकासका आधारहरू

नेपाली भाषा शिक्षण भनेको भाषाका चार सीपहरूको शिक्षण हो । भाषिक सीपको शिक्षणबाट विद्यार्थीहरूमा श्रवणकला, वाचनकला, पठनकला र लेखनकलाको विकास हुन्छ । भाषिक सीप शिक्षणमा साहित्यिक र साहित्येतर विषयलाई माध्यम बनाइन्छ । यसमा विषयवस्तु गौण र भाषिक सीप शिक्षण प्रमुख हुन्छ । बालबालिकालाई भाषिक सीप, भाषिक सामर्थ्य र भाषिक सम्पादन क्षमताको विकास गर्नु नै भाषिक सीप शिक्षणको उद्देश्य हो । भाषिक सीप शिक्षणमा साहित्यिक र साहित्येतर विषयवस्तुलाई साधन र सीपलाई साध्य बनाइन्छ । भाषाका सीप शिक्षण गर्दा भाषा शिक्षणका आधारभूत सिद्धान्तहरूको प्रयोग गर्नुपर्दछ ।

शिक्षक सिकाइ सहजीकरणको प्रमुख व्यक्ति हो । शिक्षक कै माध्यमबाट विद्यार्थीहरूमा ज्ञान, सीप, अभिवृद्धिमा सकारात्मक परिवर्तन आँउछ । विषयगत रूपमा शिक्षक पनि भिन्न भिन्न हुन्छन् । नेपाली भाषा शिक्षकले नेपाली भाषा सम्बद्ध भाषिक भाषिक सीपहरूको शिक्षण गर्दछन् भने अन्य विषयका शिक्षकले शिक्षणीय विषयको विषयवस्तु सिकाउँछन् । यसर्थ नेपाली भाषा शिक्षक र अन्य विषयका शिक्षकहरूमा भिन्न हुन्छन् । यस अनुसारले पनि नेपाली भाषाका शिक्षकहरूको पेसागत विकास र अन्य विषयका शिक्षकहरूको पेसागत विकासका आधारहरू फरक फरक हुन्छन् । अन्य विषयका शिक्षकका पेसागत विकासका आधार र नेपाली विषयका शिक्षकहरूको पेसागत विकासका आधारहरूमा निम्नानुसारको भिन्नता देखिन्छ :

१. भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सामग्रीसम्बन्धी ज्ञान,
२. सामाजिक तथा भाषिक न्यायसम्बन्धी ज्ञान,
३. भाषिक विविधताको सम्बोधन,
४. नेपाली विषयवस्तुसम्बन्धी ज्ञान,

५. सीप सिकाइ सहजीकरण प्रक्रिया,
६. भाषिक सीपगत मूल्याङ्कनको सही प्रयोग,
७. भाषा शिक्षणका सिद्धान्तहरूको सम्यक् पालना गर्ने सीप,
८. भाषा शिक्षणका विधि तथा प्रविधिहरूको भरपुर उपयोग गर्ने कला,
९. दास्रो भाषाका रूपमा तथा बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने सीप आदि ।

शिक्षकले आफ्नो पेसागत कार्यकुशलता विकास गर्ने अनेक विधि र प्रक्रिया हुन्छन् । भाषा शिक्षकको पेसागत विकासका आधारहरू पहिचान गर्ने विषयमा प्राथमिक आधार र द्वितीयक आधार भनेर पनि छुट्याउने गरेको छ । यसका साथै भाषा शिक्षणका विविध विधि र प्रविधिको भरपूर उपयोग गरी कक्षामा छलफल र अन्तरक्रियालाई विशेष महत्त्व दिनु पनि भाषा शिक्षकको पेसागत विकास अन्तरगत नै आउँछ । दास्रो भाषाका रूपमा नेपाली शिक्षण गर्ने सीप पनि यसमा पर्ने हुन्छ ।

**भाषा शिक्षकको पेसागत विकासमा देखिएको वर्तमान अवस्था/समस्याहरू**

Flash Report २०७२ अनुसार सामुदयिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षक कम रहेको पाइएको छ। तर पनि संस्थागत विद्यालयको शैक्षिक प्रगति उच्च देखिन्छ। यहाँ भाषा शिक्षकको पेसागत विकासको वर्तमान अवस्थाका समस्या र समाधानका उपायलाई बुँदागत रूपमा यसरी उल्लेख गरिन्छ,

१. सङ्कायगत समस्या,
२. अध्यापन अनुमति पत्रगत समस्या,
३. शिक्षक छनोट र नियुक्तिगत समस्या,
४. सरुवा तथा बढुवागत समस्या,
५. विषयगत तालिम तथा क्षमता उपयोगगत समस्या,
६. शिक्षकको माग र आवश्यकतागत समस्या,
७. शिक्षकका व्यक्तिगत समस्या,
८. संस्थागत समस्या,
९. पेसागत विकासको प्रक्रियागत समस्य,
१०. शैक्षिक सामग्रीगत समस्या,
११. नीति तथा कार्यक्रमगत समस्या,
१२. सौद्धान्तिक तथा व्यावहारिक समस्या,
१३. राजनैतिक समस्या,
१४. अनुगमन तथा मूल्याङ्कागत समस्या,
१५. नेपाली विषय, शिक्षण विधि तथा कार्यकलापगत समस्या ।

यी समस्याहरूको समाधान गरेर नेपाली विषय अध्यापन गराउने शिक्षकहरूलाई पेसागत रूपमा दक्ष र सक्षम बनाउन सकिन्छ । उल्लेखित आधारमा भाषा शिक्षकको पेसागत विकासमा शिक्षक, विद्यालय, शिक्षण सहजीकरण प्रक्रिया, स्रोत केन्द्र, पेसागत विकासका कार्यक्रमहरू प्रदान गर्ने निकायहरू, पेसागत सङ्गठन, शक्ति सम्बन्ध, प्रचलित नियम कानुन आदि जस्ता पक्षहरूले प्रभाव पारेको पाइन्छ । यस आधारमा शिक्षकको शिक्षण पेसाप्रति धारणा, शिक्षण सहजीकरण प्रक्रिया, उपचारात्मक सुपरीवेक्षण, मेन्टेरिङ, कोचिङ वा ट्युसन, परियोजना कार्य, अध्ययन अनुसन्धान, स्वप्रतिबिम्बात्मक सिकाइ, अनुभव आदानप्रदान, पेसागत बैठक, आन्तरिक तथा बाह्य भ्रमण, तालिम, कार्यशाला आदि पेसागत विकासका प्रभावक मानिन्छन् (बराल, २०६७ : ७६) ।

## निष्कर्ष

नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका लागि भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सामग्रीसम्बन्धी ज्ञानको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । यसका साथै शिक्षकमा सामाजिक र भाषिक न्यायसम्बन्धी ज्ञानको पनि आवश्यकता पर्दछ । भाषा शिक्षकले भाषा शिक्षणका क्रममा निश्चित सिद्धान्तको समेत उपयोग गर्नु आवश्यक हुन्छ । पेसागत विकासका लागि संलग्न सस्थाहरूको मापदण्ड बमोजिम शिक्षकले आफूलाई परिमार्जन गर्दै लैजानु आवश्यक पर्दछ । विषयवस्तु र विधाको सम्यक ज्ञान रहेका शिक्षकहरू भएमा शिक्षणको विविधतामा कक्षा थप प्रभावकारी बन्ने निश्चित हुन्छ । प्रविधि र यसको प्रयोग प्रचलनमा शिक्षक अभ्यासरत रहनु वर्तमान आवश्यकता नै बनेको छ । यसैले नियम बनाएर मात्र नभई त्यसको सफल कार्यान्वयनमा लागि परेर शिक्षक स्वयम्ले आफ्नो पेसागत विकासमा स्वमूल्याङ्कनका आत्मकेन्द्रित कार्यहरू सम्पन्न गरेमा पेसागत विकासका लागि गरिएका लगानीहरूको सही सदुपयोग हुने अवस्था देखिन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६९). *नेपाली भाषा शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेसल (२०७२). *शैक्षिक अनुसन्धान पद्धति.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

थपलिया, तुलसीप्रसाद (२०७२). नेपालमा शिक्षकको पेसागत मोडल : अनुभव र भावी कार्यदिशा. *शिक्षक शिक्षा.* (वर्ष : १३). भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

बन्धु, चूडामणि (२०७२). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, खगराज (२०७०). *शैक्षिक विमर्ष वर्तमान अवस्था र सुधारका लागि मार्गचित्र.* काठमाडौँ : सोपान मासिक ।

भण्डारी, पारसमणि (२०७३). *प्राज्ञिक लेखन र सम्पादन.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, हरिप्रसाद (२०६८). *शिक्षाको वित्तीय र शैक्षिक व्यवस्थापन.* काठमाडौँ : सोपान मासिक ।

सिन्हा, रामस्वरूप (२०६७). *शैक्षिक परिदृश्य.* काठमाडौँ : सोपान मासिक ।

शर्मा, केदारप्रसाद र माधव प्रसाद पौडेल (२०६९). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०७२). *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू.* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय (२०६९). *शिक्षा क्षेत्रमा समसामयिक मुद्दाहरूमा उच्चस्तरीय सेमिनार कार्यपत्र सङ्ग्रह.* भक्तपुर : नेपाल सरकार

Gabeiel H. Diaz-Maggioli (2003). *Professional Devlopment for Language Teacher*. Ureguay : Administration of Public Education.

Guskey, T. R. (1994). *Professional Devlopment in Education : in search of the optimal Mix*. New Orleans : American Educational Research Association.

Killam, L.A. (2013). *Research terminology simplified : Paradigms, axiology, ontology, epistemology and methodology.* New York : Cambridge university press.

Richards, Jack C and Farrell, Thomas S.C. (2005). *Professional Development for Language Teacher.* New York : Cambridge university press.

Villegas-Reimer (2003). *Teacher Professional Devlopment : An international review of the literature.*Paris : Institute for Educational Planning.

❑